

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



गलत सूचनाको सम्प्रेषण अपराध हो, त्यसैले सूचनालाई तोडमरोड नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन ०९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 21 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १७७


## घण्टाघरमा नवनिर्मित शहीद स्मारकको अनावरण

# संवैधानिक त्रुटिका कारण प्रतिगमन भयो –सांसद यादव

प्रस, वीरगंज, ८ फगुन/

पूर्वसांसद प्रदीप यादवको संसदीय कोष तथा वीरगंज महानगरपालिकाको संयुक्त लगानीमा वीरगंजको घण्टाघरमा नवनिर्मित शहीद स्मारकको अनावरण कार्यक्रम शनिवार सम्पन्न भएको छ।

कार्यक्रममा सांसद प्रदीप यादवले संविधानमा त्रुटि रहेकोले प्रतिगमन भएको बताए। संविधान जारी भएदेखि मधेसी दलहरूले त्रुटिपूर्ण संविधानलाई पुनर्लेखन वा परिमार्जन गर्नुपर्ने माग राख्दै आएको बताए । प्रतिगमनको कारण देशमा राजनीतिक तथा संवैधानिक सङ्कट आएकोले सर्वोच्च अदालतले त्यसलाई नसच्याए देशमा सङ्कटकालसमेत लाग्न सक्ने उनले जिकिर गरे। उनले देश र जनताको लागि आफ्नो ज्यान गुमाएका शहीद कसैको निजी हुन सक्दैन साझा हुने बताए।

कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले शहीदहरूले दिएको बलिदानीको फलस्वरूप देशमा सङ्घीय गणतन्त्र आएको र सोही व्यवस्था अन्तर्गत आफूलगायत सम्पूर्ण स्थानीय तहमा जनप्रतिनिधिहरू निर्वाचित भएको बताए। शहीदको बलिदानीले देशमा ठूलो

(बाँकी अन्तिम पातामा)


नवनिर्मित शहीद स्मारक


कार्यक्रममा सहभागी नेतागण


सालिकमा माल्यार्पण गर्दै नगरप्रमुख सरावगी।


शहीद दिनानाथ साहको सालिकछेउमा उनकी पत्नी सोनी तथा छोरा सुरज।
तस्वीर सौजन्यः मोनिका सिंह

# अदालतले संविधानको मर्म र भावनाविपरीत निर्णय गर्न नसक्ने –नेता पाण्डे

प्रस, निजगढ, ८ फागुन/

नेकपा स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डेले सर्वोच्च अदालतले संसद् विघटनको मुद्दामा संविधानको मर्म र भावनाविपरीत निर्णय गर्न नसक्ने बताएका छन्।

बाराको निजगढमा आयोजित पार्टी कार्यकर्ता भेलामा शनिवार नेता पाण्डेले संसद् पुनर्बहालीको विकल्प नभएको बताउँदै अदालतले संविधानको अक्षर र मर्मभन्दा बाहिर गएर निर्णय गर्न नसक्ने बताए। यदि विपरीत निर्णय भएमा त्यो संविधानको व्याख्या नभई पुनर्लेखन हुन

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

# एकजना महिलासहित २६ जना कैदीबन्दीको कैद मिनहा

प्रस, वीरगंज, ८ फगुन/

प्रजातन्त्र दिवसको अवसरमा गृह मन्त्रालयको सिफारिशमा वीरगंज कारागारका एकजना महिलासहित २६ जना कैदीबन्दीको हिजो कैद मिनहा गरिएको छ।

कारागारभित्र आचरण सुधार गरेका तथा ५० प्रतिशतभन्दा बढी कैद भुक्तान गरेका २६ जना कैदीबन्दीको कैद मिनहा भएपछि उनीहरू कारागारमुक्त भएको वीरगंज कारागारका प्रमुख किरण थापाले जानकारी दिए।

कारागारमुक्त हुनेमा कर्तव्य ज्यान मुद्दाका १७ जना, बहुविवाहका एकजना, ज्यान मार्ने उद्योगका एकजना र सवारी ज्यान मुद्दाका सातजना गरी २६ जना रहेको वीरगंज कारागारका आन्तरिक प्रशासन प्रमुख तथा नाइके मिश्रीलाल यादवले बताए।

कारागारमुक्त भएकाहरूलाई आज कार्यक्रम आयोजना गरी बिदाइ गरिएको छ। कैद मिनहा हुनेमा वीरगंज कारागारका आन्तरिक प्रशासनका पूर्व नाइके शेख भोलासमेत रहेको कारागार प्रमुख थापाले बताए।


तस्वीरः फाइल

# १५ वर्षीया किशोरीमाथि बलात्कारको प्रयास

प्रस, वीरगंज, ८ फगुन/

बाराको करैयामाई गाउँपालिकाको तेतरिया टोलमा शनिवार दिउँसो १५ वर्षीया किशोरीमाथि बलात्कारको प्रयास भएको घटना प्रकाशमा आएको छ। करैयामाई गापा वडा नं ५ तेतरिया निवासी महेन्द्र सहनी मल्लाहले ती किशोरीलाई बलात्कारको प्रयास गरेको प्रहरीले जनाएको छ।

किशोरीलाई भेट्न सहनी उनको घर मा आएपछि किशोरीका बुबाले सहनीलाई छोरी घरको माथि तलामा छ भन्दै पठाएका थिए।

किशोरीका बुबा यति भनी काम गर्न घरबाहिर गएपछि घरमा कोही नभएको मौका छोप्दै सहनीले ढोका बन्द गरी बलात्कारको प्रयास गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी निरीक्षक सुरेन्द्र यादवले जानकारी दिए।

किशोरी चिच्याएर रुन कराउन थालेपछि छिमेकी घरमा गएकी किशोरीकी आमाले सुनेर होहल्ला गर्दा स्थानीय जम्मा भई अभियुक्त सहनीलाई नियन्त्रणमा लिएको र प्रहरीको सहयोगमा पीडित किशोरीलाई स्वास्थ्य परीक्षणको लागि अस्पताल पठाएको स्थानीय जनप्रतिनिधि सोनालाल साहले जानकारी दिए।


प्रतीकात्मक तस्वीरः सौजन्य

रेडियो पतालगङ्गा कोल्हवीमा कार्यरत सहनीलाई आक्रोशित स्थानीय बासिन्दाले कुटपिट गरी घाइते बनाएका छन्। घटनापछि आक्रोशित स्थानीय बासिन्दाले सहनीलाई कुटपिट गरिरहँदा जिप्रका बाराबाट पुगेको प्रहरी टोलीले सहनीलाई नियन्त्रणमा लिई जिप्रका कलैयामा ल्याएको थियो। घटनाबारेमा अनुसन्धान भइरहेको बाराका प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले बताए।

# कन्टेनरको ठक्करबाट एकजनाको घटनास्थलमैं मृत्यु

प्रस, वीरगंज, ८ फगुन/

कन्टेनरको ठक्करबाट रामगढवा गाउँनजीकै शनिवार दिउँसो ५ बजे ५० वर्षीय पुरुषको घटनास्थलमैं मृत्यु भएको वडा प्रहरी कार्यालय श्रीपुरले जनाएको छ।

मृत्यु हुनेमा सखुवाप्रसौनी गाउँपालिका अन्तर्गत श्रीपुर पंचगावाँ निवासी छठु साह रहेको प्रहरीले जनाएको छ। वीरगंजबाट ड्राइपोर्टतर्फ जाँदै गरेको ना.५३प ८७६२ नम्बरको मोटरसाइकलमा सवार साहलाई विपरीत दिशाबाट आउँदै गरेको ना.४ख १८३९ नम्बरको कन्टेनरले ठक्कर दिंदा उनको घटनास्थलमैं मृत्यु भएको थियो।

ठक्कर दिने कन्टेनर प्रहरी नियन्त्रणमा छ भने चालक फरार रहेको प्रहरीले जनाएको छ।


दुर्घटनास्थलमा प्रहरी तथा स्थानीय।

तीव्र गतिमा रहेको मोटरसाइकल तथा सडकमा सवारीचाप रहेकोले दुर्घटना भएको प्रहरीले जनाएको छ।

**सच्चा सन्तोषबाट नै भगवान्को दर्शन हुन्छ।**

**-विचारसार र सूक्तिहरू**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# चन्दाको अर्थराजनीति

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**राजनीतिक विडम्बना कस्तो भने हाम्रो तीन पुस्ताको समय राजनीतिक स्थिरताकै खोजीमा सकियो। यो राजनीतिक नेतृत्वको चरम असफलता हो। तिनै असफलहरूले अहिले पनि राजनीति गिजोलिराखेका छन्।**

राजनीतिक स्थायित्व र यसको जगमा अर्थ–सामाजिक विकासको अपेक्षा हुर्किइराखेका बेला सत्ता सञ्चालकको सनकले मुलुकलाई फेरि अस्थिरताको खाडलतिर डोऱ्याउने काम भएको छ। राजनीतिक अन्योल राजनीतिका खेलाडीका लागि खेलको विषय हुन सक्छ, तर आम जनताको आशामा भने यसले तुषारापात गरेको छ। जनहितमुखी शासन व्यवस्थाको नाममा जनतालाई पटकपटक मूर्ख बनाउने उपक्रमको पुनरावृत्ति भएको छ। यो निरन्तरता राजनीतिक चलाखीबाहेक केही पनि होइन। जनतालाई सधैं अन्योल, अस्थिरता, अविकास, असहजतामा राखेर राजनीतिक स्वार्थको रोटी सेक्ने यो निकृष्ट चतुऱ्याइँको जति निन्दा गरे पनि कम नै हुन्छ। तर यही राजनीतिक चलाखीलाई जनताले जानीनजानी दुरुत्साहन गरिराखेको पनि हुन्छ। छनोटको सही विकल्प प्रकट नभएर पनि राजनीतिमा स्वार्थी प्रवृत्तिको बोलाबाला स्थापित भएको छ।

अहिले राजनीतिक अस्थिरता र आन्दोलनको माहोल छ। एकथरी सत्तामा टाँसिइराख्न अन्योल उत्पादन गरिराखेका छन्, अर्काथरी सत्तामा पुग्नकै निम्ति आन्दोलनबाट बल लगाएका भेटिन्छन्। दुवैको मुखमा जनअधिकार प्रकट भएपनि अन्तरमा सत्ता लिप्सा, शक्ति र सत्ता सङ्घर्षबाहेक केही छैन। सत्ता र सडक दुवैतिर एकै राजनीतिक समूहको बिगबिगी प्रकट भइराखेको छ। सत्तापक्षीय नेकपा र सडकपक्षीय नेकपाको दन्तबज्ञान र त्यसमा च्याखे थापिराखेका अन्य राजनीतिक दलहरूको यो प्रहसनमा सबैभन्दा बढी प्रभावित हुने भनेको गरिखाने वर्ग नै हो। यो त्यही वर्ग हो, जो देशको अर्थतन्त्रको चालक पनि हो। स्वदेशमा उद्यम व्यवसाय चलाउनेदेखि विदेशमा पसिना बगाएर प्रत्यक्ष आफ्नो घर चलाउने, तर परोक्षरूपमा देश चलाउने लाखौं श्रमिक यसै वर्गमा पर्दछन्। जन्मेदेखि मृत्यु संस्कारसम्म करको भारीले थिचिएर शासकका लागि सुविधाको प्रबन्ध मिलाइदिने जनताको अपेक्षालाई नबुझ्ने राजनीति कसरी जनताको नाममा गरिएको राजनीति कहलाउँछ ? किन्तुपरन्तु नजोडी यो प्रश्नको वस्तुनिष्ठ जवाफ खोज्न कठिन छ।

आफूलाई दुई तिहाइ मतको बताउने प्रधानमन्त्रीले नै त्यो स्थायित्वको आधार भत्काएको अवस्थामा चौतर्फी अस्थिरता र अन्योल सृजना हुनु अस्वाभाविक होइन। यही अन्योलबीच आन्दोलन र सरकारको बचाउको पक्षमा प्रदर्शनको माहोल छ। यसमा गरिखाने वर्ग प्रताडित त भएको छ नै, राजनीतिक अस्थिरताका आयामहरूलाई उल्टै सहयोगको दबाब पनि झेल्नुपरेको विडम्बनापूर्ण अवस्था छ। अहिले कोरोना महामारीको असरबाट तङ्ग्रिने प्रयासमैं रहेका बेला उद्यम व्यवसायमाथि राजनीतिक आन्दोलन र पक्ष–विपक्षमा भइराखेका प्रदर्शनका निम्ति चन्दाको दबाब थपिएको छ। प्रकारान्तरले चुनाव भएछ भने पनि त्यसको सीधा प्रभाव चन्दादातामा पर्ने नै हो। चन्दाको घुमाउरो भार वस्तु तथा सेवाको मूल्यको बुई चढेर गरीब जनताको टाउकोमा थोपरिने हो। राजनीतिक अस्थिरता यस्तो अवस्था हो, जहाँ गरिखाने इमानदार वर्गलाई सकस हुन्छ, ठगिखाने बेइमानहरूको बोलावाला स्थापित हुन्छ। केही समयदेखि प्रधानमन्त्रीको कदमविरुद्धको आन्दोलन र समर्थन दुवैथरी प्रदर्शनका लागि चन्दा अभियान नै चलेको सन्दर्भ समाचारमाध्यममा आएका छन्।

कोरोनाको महामारीबाट प्रभावित मुलुकको निजी क्षेत्र अझै लयमा फर्किन सकेको छैन। जसोतसो लय समात्ने प्रयास जारी राखेकै बेला राजनीतिक अन्योल निम्त्याइनु र तिनै कुपात्रहरूको लज्जाजनक प्रहसनका निम्ति खर्चको जोहो गरिदिनुपर्ने विडम्बनाको पुनरावृत्ति भइराखेको छ। 'प्रजातन्त्र र जनताको शासनका निम्ति अन्तिम लडाइँ' भन्दै साथ र समर्थन बटुलेका राजनीतिकर्मी व्यक्तिगत महत्त्वाकाङ्क्षाका अगाडि जनताका आम अपेक्षाको अवसान भइराखेको छ। राणा र पञ्चायतकाल त परको कुरा भयो, २०६२/६३ को आन्दोलनलाई पनि राजनीतिले लोकतन्त्रको लागि अन्तिम लडाइँ भनेकै हो। राजनीतिक विडम्बना कस्तो भने हाम्रो तीन पुस्ताको समय राजनीतिक स्थिरताकै खोजीमा सकियो। यो राजनीतिक नेतृत्वको चरम असफलता हो। तिनै असफलहरूले अहिले पनि राजनीति गिजोलिराखेका छन्।

कोरोना सङ्कटको मारमा बन्द भएका कतिपय उद्योग–व्यवसाय अझै सुचारु हुन सकेका छैनन्। जसोतसो सञ्चालनमा आएकालाई पनि पूर्ण क्षमतामा चल्न कठिन भइराखेको छ। सरकारले कोरोना महामारीको सङ्कट समाधानमा गतिलो काम गर्न सकेन। उद्यम व्यवसायको उत्थानका निम्ति उल्लेख्य काम भएको जानकारी छैन, भएका पनि कामचलाउ र कर्मकाण्डीबाहेक केही छैनन्। तुलनात्मकरूपमा महामारी सामान्यीकरण भइराख्दा उद्योग व्यवसायले आफैं गति लिने प्रयास गरिराखेको छ। उद्यम व्यापार पुरानो लयमा फर्किने आशाकै बीच राजनीतिक अन्योलले निराशा उत्पादन गरेको छ। देशमा बलियो बहुमतको सरकार बनेपछि औद्योगिक तथा व्यावसायिक वातावरण बन्ने अपेक्षा थियो। राजनीतिले राजनीतिक स्थायित्व र ढुक्कसँग काम गर्न सक्ने खालको व्यावसायिक वातावरण त दिएन नै चौतर्फी अराजकता उत्पादन गरिराखेको छ।

यस्तोमा निजी क्षेत्र मात्र होइन, आम जनता सशङ्कित बनेको अवस्था छ। आन्दोलनमा उत्रिएका पक्ष त भए नै, स्वयम् सरकारी पक्षले प्रदर्शनका नाममा मोटो रकम उठाउन थालेको छ। औद्योगिक र व्यापारिक केन्द्र मानिएको वीरगंजमा सत्तापक्षीय राजनीतिक पार्टीले पत्र काटेरै उद्योगी–व्यवसायीहरूसित रकम माग गरेको छ। राजनीतिक दलका नाममा हुने प्रदर्शन र बन्द–हडतालले उद्योग–व्यवसाय गर्न नपाएका उद्योगी–व्यापारी यतिखेर बन्द–हडतालका आयोजकलाई चन्दा बुझाउन बाध्य भएका छन्।

सामान्य अवस्थामैं पनि सरकारले ल्याएका नीति र नियमको विरोधाभासबाट त्रसित भएको निजी क्षेत्र अहिले चन्दाबाट आतङ्कित छ। ढुक्कसँग काम गर्न पाउने वातावरण बनाइदिनु सरकार, राजनीतिक दललगायतको दायित्व हो। यस्तो जिम्मेवारीमा बस्नेहरू मूल जिम्मेवारीमा दरिन नसक्ने, तर चन्दाका निम्ति सधैं अगाडिको मोर्चामा उभिने परिपाटीको अन्त्य आवश्यक छ। चन्दाले राजनीतिक दलहरूलाई अपारदर्शी र भ्रष्ट बनाएको छ। राजनीतिमा पारदर्शिता हराएको छ। चन्दालाई खर्चमा लेख्न पाउनुपर्ने निजी क्षेत्रको मागमा सरकार उदासीन छ। विगतमा चन्दालाई पारदर्शी बनाउन चेकबाट चन्दा दिने/लिने अभ्यास भएको पनि हो। तर यस्तो खर्चलाई सरकारी निकायले स्वीकार नगर्दा यसको औचित्य पुष्टि हुन सकेको छैन। भ्रष्टाचारविरोधी संस्था ट्रान्सपरेन्सी इन्टरनेशनले केही समयअघि गरेको एउटा अध्ययनले सबैभन्दा बढी अपारदर्शिता र भ्रष्टाचार राजनीतिमैं रहेको औंल्याएको थियो। चन्दालाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गर्नुपर्ने माग उठ्दै आए पनि आज सत्तामा रहेका/नरहेका सबै दल चन्दाको अपारदर्शी आहालमा चुर्लुम्म डुबेकाले सुधारमा उदासीन देखिनु अस्वाभाविक पनि होइन।

कुनै पनि मुलुकको अर्थतन्त्रको विकासमा निजी क्षेत्र आधारस्तम्भ मानिन्छ। सरकारी दस्तावेजहरूमा निजी क्षेत्रलाई अर्थतन्त्रको एउटा बलियो खम्बा भनिएको छ। सरकारले लक्ष्यमा राखेको विकासमा यो क्षेत्रबाट ठूलो परिमाणमा लगानीको अपेक्षा पालेर बसेको छ। तर लगानीको वातावरण निर्माणमा सधैं उदासीनता, तर चन्दा अभियानमा निरन्तर अग्रसरताले निजी क्षेत्र आहत भइराखेको छ। यथार्थमा निजी क्षेत्रप्रति राजनीतिक दृष्टिकोण कहिल्यै पनि सकारात्मक छैन। आग्रहबाट ओतप्रोत सोचले निजी क्षेत्रलाई विकास र समृद्धिको संवाहक होइन, केवल चन्दादाता मात्रै ठानेको भान हुन्छ। यसो त निजी क्षेत्रका सीमित घरानाहरू केही राजनीतिक शीर्षस्थको निकट रहेर राज्यको स्रोतसाधनमा लुट मच्चाउन माहिर छन्। त्यस्ताका लागि राजनीतिक गतिरोध र चन्दाको दबाबले फरक पर्दैन। तर जो काम गरिखाने र आफ्नो उद्यमशीलताको बलमा केही मानिसको जीविकोपार्जनको आधार निर्माण गरिराखेको वर्ग छ, त्यसलाई यस्तो अराजकताको असर बढी पर्दछ। राजनीतिक अन्योलको दुरुपयोग गरेर कमाउन पल्किएकाहरूको चलाखीको परोक्ष मारमा पनि यही वर्ग बढी पिल्सिएको हुन्छ। राजनीति सीमित माफियाहरूको पक्षपोषक मात्रै बन्ने र औसत सरोकारप्रति पूर्वाग्रह मात्र हुर्काउने हो भने निजी क्षेत्रलाई विकासका आधार भन्ने कुरा कागजमैं सीमित हुनेमा आशङ्का छैन। राजनीतिले निजी क्षेत्रलाई यथार्थमैं विकास र समृद्धिको सहयात्री बनाउन चाहेको हो भने स्थिरता र सहकार्यको भरपर्दो आधार निर्माण गर्नुपर्दछ। चन्दादाता मात्रै ठान्ने मानोविज्ञानले समृद्धिको सार्थक सहकार्य कदापि सम्भव हुनेछैन।

# परिवारको स्वरूप

**आजको समयमा सबैभन्दा आवश्यकता छ कि मातापिता, घरका ठूलाबडाबीच असामञ्जस्य, वैचारिक मतभेद, असहमति छ भने कुनै ठूलो कुरा होइन, तर त्यो मतभेद मनभेद नबनोस्। असहमतिले कलहको रूप धारण नगरोस्।**

जसरी राम्रो फसल पाउन हामीले राम्रो भूमि, उत्तम बीउ, जलवायु तथा उचित समयको साथ शुभ–सङ्कल्पवान् समर्पित–श्रमाराधक व्यक्तिको आवश्यकता पर्छ, ठीक त्यसै प्रकार असल सज्जन व्यक्तिलाई पाउनको लागि हामीले राम्रो संस्कारवान् आमाबुबा, राम्रो वातावरण भएको परिवार, संस्कार दिने शिक्षक, असल व्यक्तिको समाज तथा विशुद्ध सद्विचार, सदाचारयुक्त वातावरणको आवश्यकता पर्छ। कुनै महापुरुषले राम्रो कुरा भनेका थिए– यदि हामी हामी एक दशकको योजनामा सफलता पाउन चाहन्छौं भने राम्रो फसल लगाउनुपर्छ। यदि हामी सय वर्ष (शताब्दी)को लागि कुनै योजना चाहन्छौं भने श्रेष्ठ छाया तथा फल दिने महावृक्ष लगाउनुपर्छ र यदि हामी सहस्राब्दिलाई प्रभावित गर्न कुनै योजना बनाउन चाहन्छौं भने राम्रो संस्कार भएको मनुष्यसँग सजिएको परिवारको सुन्दर समाज बनाउन विचार गर्नुपर्छ। असल बालक नै असल नागरिक बन्छ तथा समाज र राष्ट्रलाई उन्नतिको शिखरसम्म लैजान सक्छ।

**जन्मभन्दा पहिले–** यसको सुरुआत त्यति बेला गर्नुपर्छ, जब पिताको तेज माताको गर्भमा स्थापित हुने मुहूर्त हुन्छ। भगवत्स्मरणपूर्वक यस गर्भाधान–संस्कारलाई पनि हामी वासनापूर्तिको साधन नमानेर उपासनाको अङ्ग बनाउन सक्छौं। समाज सेवाको महायज्ञमा आफ्नो पवित्र आहुति दिन सक्छौं। यो बुझ्न हामीले आफ्नो समझलाई श्रद्धासिक्त एवं उदार बनाउनुपर्छ। इतिहासका घटनालाई सही परिप्रेक्ष्यमा लिंदै वैज्ञानिक तथा व्यावहारिक दृष्टिकोण विकसित गर्नुपर्छ। प्रसिद्धि छ कि अभिमन्युले चक्रव्यूह भेदन गर्न माता सुभद्राको गर्भको पाठशालामा नै सिखेका थिए। योगीन्द्रवृन्द–वन्दित पादारविन्द ज्ञानादित्य श्रीअष्टावक्रजीले पनि समग्र वेदराशिको बोध मातृगर्भको पाठशालामा नै प्राप्त गरेका थिए। भक्तराज प्रह्लादले त स्वयम् स्वीकार गरेका थिए कि जबसम्म म माताको गर्भमा थिए, तब श्रीनारदजीले मेरो आमालाई दिव्य भक्ति–ज्ञानको उपदेश दिएका थिए, आमा त स्त्री भएको कारण तथा समयाधिक्यको कारण बिर्सिइन् तर मैले बिर्सिनँ–

**तत्तु कालस्य दीर्घत्वात् स्त्रीत्वान्मातुस्तिरोदधे।**
**ऋषिणानुगृहीतं मा नाधुनाप्यजहात् स्मृतिः॥**
(श्रीमद्भागवत ७।७।१६)

मातृगर्भको शिक्षा–संस्कारको विषयमा श्रीशुकदेवजी स्वयम् परम प्रमाण हुन्। असङ्ख्य उदाहरण छन्, जसबाट यो विषय बुझ्न सकिन्छ, अतः जब बालक आमाको गर्भमा हुन्छ, तब आमाले पौष्टिक सात्त्विक पवित्र आहार, सात्त्विक पवित्र वातावरण पाउनुपर्छ, जसबाट आमा प्रसन्न होस्, किनभने त्यस समय आमा रुन्छिन्, दुःखी हुन्छिन् भने बालकको विकास प्रभावित हुन्छ। आमा बढी सुत्नुहुँदैन, धेरै खानुहुँदैन, झगडा गर्नुहुँदैन, नराम्रो सोच्नुहुँदैन, भगवत्स्मरण गर्नुपर्छ।

**जन्मपछि–** शिशु सानो छ, उसले सुन्दैन, बुझ्दैन, जान्दैन हामीले यो सोच्नुहुँदैन। हामी नै सोचौं, जुन शिशु गर्भवासमा सबैकुरा जान्न सक्छ, उसले जन्मेपछि जान्दैन ? हो ! उसले जानेर, सुनेर, देखेर, सम्झेर पनि स्पष्ट प्रतिक्रिया गर्न सक्दैन र यदि आफ्नो ढङ्गले उसले सङ्केत पनि गर्दा हामीले बुझ्न सक्दैनौं तर सानोभन्दा सानो बालक पनि अनुकूलता पाएपछि मुस्कुराउँछ, हाँस्छ, हातखुट्टा हल्लाउँछ, नजर झुकाउँछ अथवा ध्यानपूर्वक हामीलाई निहार्छ। यो त्यो समय हो, जब बालकको चित्त आँखाको पवित्र क्यामराले हाम्रो फोटो खिचिरहेको हुन्छ। प्रतिकूलता पाएपछि ऊ रुन्छ। अनजान व्यक्ति पाएपछि असहज हुन्छ। हे सुभद्रजनहरू ! सम्झ, यो जीवन–निर्माणको सबैभन्दा महत्त्वपूर्ण समय हो। यस समयमा बालकलाई उपेक्षा गर्नुहुँदैन। जसरी बालक ठूलो हुँदै जान्छ, त्यसलाई राम्रो संस्कार दिनुपर्छ। माता–पिता, भाइ–बहिनी, बाजे–बजै, काका–काकी आदि सबै स्वजन–परिजनले यस्तो पारिवारिक वातावरण दिनुपर्छ, जसबाट उसले कुसङ्गको अँध्यारो रातमा बाटो बिराउँदा पनि विचलित नहोस्। आफ्नो सत्पथ नछाडोस्। बालकलाई आफ्नो धर्म, कुल, जाति, राष्ट्रको समझ होस्, गौरव होस्। ऊ हीन भावनाको शिकार नबनोस्। बालकलाई स्पष्ट बताउनुपर्छ–

१) के गर्ने, के नगर्ने
२) किन गर्ने, किन नगर्ने
३) के लाभ हुन्छ, के हानि
४) कहिले गर्ने, कहिले नगर्ने
५) कसरी गर्ने, कसरी नगर्ने
६) कहाँ गर्ने, कहाँ नगर्ने
७) उचित के हो, अनुचित के हो
८) कसको सङ्गत गर्ने, कसको नगर्ने
९) मित्र कस्तो हुन्छ, कस्तो मानिसको मित्रता हानिकारक हुन्छ
१०) हाम्रो जीवनको आदर्श को हुनुपर्छ ?

जस्तै भगवान् राम, भगवान् कृष्ण, आचार्य शङ्कर हाम्रा आदर्श हुनुपर्छ।

सच्चरित्रता, सदाचार, सद्व्यवहारको भाव बच्चामा आउनुपर्छ, उसले समाजलाई प्रकाश दिन लायक बन्न सक्नुपर्छ– यस्तै प्रयास गरौं। हाम्रो बालक कायर–भीरु नबनोस्। ऊभित्र सत्य–न्याय–सिद्धान्तप्रति सम्मानको भाव होस्। उसलाई बताउनुपर्छ कि हाम्रो पूर्वज टुप्पी–जनैको रक्षाको लागि टाउको कटाउन स्वीकार गर्दथे, तर स्वधर्म त्याग्दैन थिए। संस्कारी बालकले मृत्युलाई गला लगाउँछन्, भित्तामा पुरिन्छन् तर स्वधर्म त्याग्दैनन्। पाँच वर्षको ध्रुव वनमा गएर अभयत्वको साथ तप गरेर परमात्मालाई पाउँछन्। पाँच वर्षका नचिकेता यमराजको घर पुगेर तीन दिनसम्म भोक–प्यासमा रहन्छन् र मृत्युको देवता यमसँग भेटेर ब्रह्मविद्या पाउँछन्। त्यसो भए हामीले किन पाउन सक्दैनौं ? वीर बालक, भक्त बालक आदि पुस्तक उनीहरूलाई पढ्न दिनुपर्छ। परिणाम जेसुकै होस्, हामीले प्रयास गरिरहनुपर्छ। घरको भित्तामा चित्र हुनुपर्छ, तर केवल त्यसैको जसको चरित्र वन्दनीय हुन्छ, जसको जीवन–आलोकबाट समाजले दिशा प्राप्त गरेको हुन्छ।

आजको समयमा सबैभन्दा आवश्यकता छ कि मातापिता, घरका ठूलाबडाबीच असामञ्जस्य, वैचारिक मतभेद, असहमति छ भने कुनै ठूलो कुरा होइन, तर त्यो मतभेद मनभेद नबनोस्। असहमतिले कलहको रूप धारण नगरोस्। हरेक समय 'तँ–तँ, म–म'बाट बच्चाको विरासतमा विषाद् विवाद, विखण्डन, बेचैनी तथा आक्रोश पाउँछ, जसबाट उनीहरूको भित्र विचित्र असहिष्णुताले भरिएको चिडचिडाहटले घर बनाउँछ, फलतः बालक गलत सङ्गतमा पर्छ, दुर्व्यसन, दुर्गुण तथा दुर्जनको सङ्गतले जीवनलाई विनाशको पथमा लैजान्छ। जुन असहमतिको विषय हो, त्यसलाई शान्तिले, चीसो दिमागले मिलेर सल्टाउनुपर्छ।

विवादको जडमा तुच्छातितुच्छ कारण पाइन्छ 'अहङ्कार' वा 'म'। बस यसै 'म'बाट आक्रान्त व्यक्ति जर, जोरू, जमीनको बहाना बनाएर तिललाई ताड बनाउँछ। जबकि सबैलाई यो कुरा थाहा छ कि संसारको एउटा कण पनि साथ जाँदैन। यसैले जुन कुरामा हामी एक हुन सक्दैनौं, त्यसलाई किनारा गरेर घरमा, संस्थामा शान्ति बनाउनुपर्छ। संसारभरको सम्पत्ति गए पनि तर मनको शान्ति जानुहुँदैन। मनको शान्ति अनमोल हुन्छ। मनको शान्तिले नदीतटमा, जङ्गलमा, कुनै झुपडीको जीवन पनि आनन्द दिन सक्छ र यदि मनमा चैन छैन भने भव्य भवन, आज्ञाकारी सन्तान, सेवापरायण सेवक, मनोनुकूल जीवनसाथी, सामाजिक प्रतिष्ठा, उन्नतिशील व्यापार, सुन्दर स्वस्थ शरीर तथा अपराजेय व्यक्ति पनि कुनै कामको हुँदैन। हामीले कहिल्यै सोचेका छौं रावणको विषयमा ? रावणसँग संसारको कुनै पनि वस्तुको कमी थिएन। सबै थिए। हरेक दृष्टिले रावणको मुकाबिला कसैले गर्न सक्दैनथियो। ज्ञान, विज्ञान, वीरता, धीरता, युद्ध, बुद्धि, जसको प्रसन्नता पाउन लोकपाल–दिक्पाल चाहन्थे, जसको क्रोधबाट चराचर काम्थ्यो। बस्नको लागि विशुद्ध सुनको घर मात्र होइन महादुर्ग थियो। तर त्यो रावणले पनि जब कहिले आफ्नोभित्र हेर्थ्यो, तब काम्न थाल्थ्यो। भित्रको खोक्रोपनलाई हेरेर रुन्थ्यो, भगवान् शिवसँग प्रार्थना गर्दथ्यो– हे महादेव ! मेरो जिन्दगी तबाह भयो, त्यो दिन कहिले आउँछ, जब म गङ्गाको किनारमा रूख र झाडीमा एक्लै बसेर आफ्नो अहङ्कार, पाप बुद्धिलाई त्यागेर अश्रुप्रवाहको साथ तपाईंको शिव–शिव नाम जप गरिरहुँ। हे शिव ! अब यस बाहिरी आडम्बर, बनावटी संसारको बनावटी प्रतिष्ठा, बनावटी सम्बन्ध, बनावटी प्रेम, मिथ्या जय–जयकारबाट वाक्क भइसकेको छु। हे देव ! सबैथोक लेऊ, मेरो त्यही निश्छल, निष्कपट बाल्यकाल फर्काइदेऊ, जब म केवल तिम्रै स्मरण गर्दथे। तपाईंको चाहनामा आफ्नो टाउको कटाउन पनि सङ्कोच हुनेछैन, यो रावण आज संसारमा अल्झिएको छ।

कदा निलिम्प–निर्झरी–निकुञ्ज–कोटरे वसन्
विमुक्त–दुर्मतिः सदा शिरःस्थमञ्जलिं वहन्।
विलोल–लोल–लोचनो ललाम–भाललग्नकः
शिवेति मन्त्रमुच्चरन कदा सुखी भवाम्यहम्।
(शिवताण्डववस्त्रोत्रम्)

अस्तु ! हाम्रो घरको वातावरण यस्तै होस्, जहाँ शान्ति, सादगी, सदाचार, सद्विचार, सद्भावको साथसाथै जीवनलाई समाजहितको लागि, राष्ट्रहितको लागि सदुपयोगी बनाउने उत्साहपूर्ण भाव बच्चाको मन–मस्तिष्कमा प्रतिष्ठित होस्। व्यर्थको देखावट, सजावट तथा बनावटमा, तडक–भडकमा बालक फस्नुहुँदैन।

सादा जीवन उच्च विचार
सादा भोजन पवित्र आचार
सादा वस्त्र उज्ज्वल चरित्र
मधुर सत्य सरल वाणी, निष्कपट व्यवहार।

बच्चाको जिज्ञासालाई दबाउनुहुँदैन, त्यसको उचित समाधान गरेर उनलाई सत्यको खोजको लागि प्रेरित गर्नुपर्छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## जी-७ का नेताहरूको जी-२० सँग मिलेर काम गर्ने प्रतिबद्धता

लन्डन, ८ फागुन/सिन्ह्वा

विश्वका ठूला अर्थतन्त्र भएका देशहरू जी-७ का सदस्य राष्ट्रहरूले जी-२० आगामी दिनमा यस कोभिड-१९ को महामारीबाट मुक्त हुनुका साथै यसबाट सिर्जना भएको समस्याको समाधान गर्ने सहयोग गर्ने बताइएको थियो।

हाल विश्वमा कोरोना भाइरसको खोप वितरण भइरहेको र त्यस खोप



जी-७ सदस्य राष्ट्रका नेताहरू। तस्वीरः सिन्ह्वा

समूहसँग मिलेर काम गर्ने जनाएका छन्।

ती देशहरूले विश्वका कैयौं समस्या सँगसँगै मिलेर काम गर्ने बताएका छन्। हाल विश्वमा देखा परिरहेको कोरोना भाइरसको महामारीका साथै अरू पनि कतिपय समस्याको समाधानमा लाग्ने बताएका छन्।

यस सङ्गठनको शुक्रवार भएको भर्चुअल बैठकमा कोरोना भाइरसको महामारी, जलवायु परिवर्तनका साथै अरू पनि धेरै क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा साथसाथमा मिलेर काम गर्ने जनाएका हुन्। बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले अध्यक्षता गरेको यस बैठकमा सहभागी भएका जी-७ का नेताहरूको सो धारणा शुक्रवार प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिएको छ।

जी-७ द्वारा जारी गरिएको संयुक्त प्रेस वक्तव्यमा भनिएको छ- जी-७ का हामी सदस्य राष्ट्रहरू सम्मिलित बैठक आज भर्चुअल विधिबाट बस्यो र यस बैठकमा हामी कोभिड-१९ का साथै अरू पनि विभिन्न अन्तर्राष्ट्रिय समस्याहरूको समाधानका लागि सँगै मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छौं।

सो विज्ञप्तिमा भनिएको छ- हामीले र यसले पुऱ्याएको क्षतिको पनि पुनर्निर्माण गर्ने गरी मिलेर काम गर्नेछौं।

जी-७ को सङ्गठनको अध्यक्षता यस वर्ष बेलायतले गरेको छ। शुक्रवारको सो भर्चुअल बैठकको अध्यक्षता पनि बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले गरेका थिए।

सो बैठकमा हाल कोभिड-१९ को विश्वव्यापी महामारीको नियन्त्रणका साथै आवश्यक सहयोग उपलब्ध गराउने कामको नेतृत्व विश्व स्वास्थ्य सङ्गठनले गरेकोले त्यस सङ्गठनलाई पनि आवश्यक सबैलाई उपलब्ध हुन नसक्ने अवस्था आएमा कोभ्याक्सका माध्यमबाट दिने सहयोगका लागि पनि विश्व स्वास्थ्य सङ्गठनका माध्यमबाट सहयोग उपलब्ध गराउने सहमति सो बैठकमा भएको थियो।

जी-७ मा क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका सदस्य छन्। यस सङ्गठनको बैठक शुक्रवार लन्डनबाट बेलायतका प्रधानमन्त्री जोनसनले सञ्चालन गरेका थिए। रासस

## अमेरिका विश्वको नेतृत्व गर्न फर्किएको छ

वाशिङ्टन, ८ फागुन/एएफपी

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले अमेरिका पूर्ववत् स्थितिमा फर्किएको बताएका छन्।

महामारी, जलवायु परिवर्तन र इरानको परमाणु महत्त्वाकाङ्क्षाजस्ता मुद्दा सुल्झाउन सघाउनका लागि पूर्णरूपमा संलग्न रहेको उनले बताएका हुन्।

बिबिसी समाचार समितिलाई दिएको आफ्नो पहिलो अन्तर्राष्ट्रिय अन्तर्वार्तामा ब्लिन्केनले कोभिड-१९ विरुद्धको विश्वव्यापी खोप कार्यक्रममा जोड दिएको बताइएको छ।

उनले सो अन्तर्वार्ताको क्रममा कोरोना भाइरसको उत्पत्तिको विषय खोजको लागि पारदर्शिताको अभाव देखाएको भन्दै चीनको समेत आलोचना गरेको समाचारमा जनाइएको छ। अमेरिकामा नयाँ राष्ट्रपति जो बाइडेन आएपछि पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पका कैयौं निर्णयलाई उल्टाइएको छ। रासस

## आन्दोलन चर्किंदै, दुईजना प्रदर्शनकारीको मृत्यु

मन्डलाया, म्यानमा, ८ फागुन/एएफपी

म्यानमाको दोस्रो सबैभन्दा ठूलो शहरमा शनिवार सुरक्षाकर्मीले चलाएको गोली लागी कम्तीमा दुई व्यक्तिको मृत्यु भएको छ।

म्यानमाको सङ्कट व्यवस्थापन अधिकारीले एएफपीसँगको कुराकानीमा सुरक्षा कारबाहीमा दुई व्यक्तिको मृत्यु भएको पुष्टि गरेका छन्।

"आक्रोशित प्रदर्शनकारीहरूको भीडमाथि नियन्त्रणका लागि गोली




चलाउँदा दुई व्यक्तिको मृत्यु भएको छ भने करीब ३० जना घाइते भएका छन्," मन्डलायास्थित स्वयंसेवी आपत्कालीन उद्धार टोलीका प्रमुख ह्लाइङ्ग मिन ओओले भने।

घाइतेमध्ये अधिकांश व्यक्तिलाई प्रहरीले सीधैं गोली हानेको प्रत्यक्षदर्शीहरूले बताए।

मृतकमध्ये एकजना किशोर रहेको र उनको टाउकोमा गोली लागेको ओओले बताए।

एक अर्का स्वयंसेवी उद्धारकर्ताले पनि समाचार तयार पार्दासम्म मृत्यु भएकाको सङ्ख्या दुई पुगेको पुष्टि गरे।

म्यानमामा केही हप्ता पहिले निर्वाचित सरकारलाई सैनिक 'कू' मार्फत हटाएर सेनाको नेतृत्वमा प्रशासनिक कामलाई अघि बढाइएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – अन्नलाभ |
| मिथुन – अलमल | कर्कट – कर्मप्राप्ति |
| सिंह – सफलता | कन्या – भाग्यवृद्दि |
| तुला – वादविवाद | वृश्चिक – नारीसुख |
| धनु – धनलाभ | मकर – सन्तानसुख |
| कुम्भ – उदरपीडा | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

## सामाजिक रूपान्तरणको लागि दबाब समूह गठन

प्रस, सेढवा, ८ फागुन/

पिस फर दलित फाउन्डेशन नेपाल, प्रदेश नं २ को आयोजना र सिसिबिन नेपाल, काठमाडौंको सहयोगमा पर्सा जिल्लाको जीराभवानी गाउँपालिका वडा नं ४ सुपौलीमा १४औं अन्तर्राष्ट्रिय सामाजिक न्याय दिवस मनाइएको छ। सो अवसरमा सामाजिक रूपान्तरणको लागि दलित समुदाय सशक्तीकरण तथा दलित अधिकारको लागि दलित दबाब समूह गठन गरिएको छ।

सो अवसरमा दलित समुदायको हकअधिकारको लागि सङ्घर्ष गर्न आवश्यक रहेको सहभागीहरूले बताए। गाउँपालिकाबाट दलित समुदायले अहिलेसम्म सेवा सुविधा नपाएको पनि सहभागीहरूले गुनासो गरेका छन्।

नेपाल सरकारले दिएको सेवा सुविधा गाउँपालिकाले दबाएर राखेको दलित अगुवाहरूले बताए। गाउँका गैरदलितले दलित समुदायलाई अहिलेसम्म अछूत बनाएर राखेको उनीहरूले बताए।

"दलित दबाब समूह आवाजविहीन दलितको आवाज बन्नुपर्छ," एकजना दलित अगुवाले भने, "हामी अब चुपचापले बस्नुहुँदैन। हाम्रो पुर्खाले पनि दमन, अत्याचार, शोषण, गुलामी सहेका छन तर हामीले अब प्रतिकार गर्नुपर्छ।" त्यस्तै, सुपौलीकी दलित महिला कौशिलिया देवीले राहत वितरणमा दलितसँग विभेद भएको आरोप लगाइन्।

दलित समुदायमाथि भइरहेको हिंसा,




हत्या, विभेदविरुद्ध आवाज उठाउन दलित दबाब समूह अग्रसर हुनुपर्छ। दलितमाथिको जातीय विभेद, छुवाछूत, सामाजिक विभेद, अन्याय, अत्याचार, दमन, शोषण, असमानता कायम नै रहेको र गैर दलितले दलितलाई मानवसम्म मानेका छैनन् सहभागीहरूले गुनासो गरे।

पालिका र वडाले अहिलेसम्म दलित समुदायको लागि खासै केही गरेको छैन। गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रममा दलित सवाल, अधिकारलाई समावेश नगरिएको र सामाजिक आन्दोलन गर्ने तयारी गरिरहेको भेलाका सहभागीहरूले बताए।

किसनाथन रामको संयोजकत्वमा ११ सदस्यीय दलित दबाब समूह गठन गरिएको छ। समूहमा जगदीश राम, कोशिला देवी, सरिता देवी, आल्सा देवी, देवराज राम, कमलावती देवी, राजेश राम, हेमलाल राम, प्रमोद राम, शिव राम, सोनालाल राम, केशराज रामलगायत छन्।

भेलामा सुरेन्द्र पासवान, चन्द्रकिशोर राम, परमानन्द राम, चन्देश्वर रामलगायतको सहभागिता थियो।

## युथ काङ्ग्रेस नेपाल पर्साको सङ्गठन विस्तार

प्रस, वीरगंज, ८ फागुन/

नेपाली काङ्ग्रेस निकट युवाहरूको सङ्गठन युथ काङ्ग्रेस नेपाल पर्साको जिल्ला कार्यसमिति विस्तार भएको छ। शनिवार वीरगंजस्थित ठाकुर राम बहुमुखी क्याम्पसमा सम्पन्न बैठकले सुमेश्वर साहको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति विस्तार गरेको हो।

नेपालका युवा लोकतन्त्रवादीहरूको अभियान युथ काङ्ग्रेस नेपालले पछिल्लो तीन वर्षदेखि लोकतन्त्रको सुदृढीकरण र सुशासनको प्रत्याभूतिको लागि विभिन्न कार्यक्रम चलाउँदै आएको छ। विस्तार जिल्ला कार्यसमितिको उपाध्यक्ष अनिल पटेल, नरेशप्रसाद रौनियार, सचिव राहुलकुमार कानू, सहसचिव पवनकुमार पटेल, श्याम गुप्ता र कोषाध्यक्षमा अञ्जली मण्डल लगायत सदस्यहरू रहेका छन्।

## निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न

प्रस, पर्सागढी, ८ फागुन/

सखुवाप्रसौनी गाउँपालिका वडा नं १ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय सिद्धपुरमा रोटरी क्लब अफ वीरगंज, न्यू त्रिलोकी क्लिनिक वीरगंज र स्थानीय राजेन्द्र चौधरीको संयुक्त आयोजनामा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

शिविरमा पाँच सय महिला र पुरुषको स्वास्थ्य परीक्षण गरिएको थियो। शिविरमा डा प्रशान्त ठाकुर, डा शाश्वत प्रसाद, डा आसिफ अन्सारी, डा प्रेरणा प्रियदर्शनी झाले स्वास्थ्य परीक्षण गरेको श्याम गुप्ताले जानकारी दिए।

## विपत्पश्चात् लेखाजोखा सम्बन्धमा प्रशिक्षण

प्रस, पर्सागढी, ८ फागुन/

पर्सागढी नगरपालिकाका वडाध्यक्ष, सचिव तथा सामाजिक अगुवाहरूलाई नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाले प्रशिक्षण दिएको छ।

बाल केन्द्रित विपत् जोखिम न्यूनीकरण कार्यक्रम अन्तर्गत विपत्पश्चात् तथ्याङ्क सङ्कलन तथा क्षतिको लेखाजोखा सम्बन्धमा प्रशिक्षण दिइएको हो। कार्यक्रममा नेरेसो पर्सा शाखाका उमेश मिश्र तथा एराज अहमदले प्रशिक्षण दिएका थिए।




प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

### प्रस्ताव आह्वानको सूचना

*प्रथमपटक प्रकाशित मिति २०७७/११/०९*

प्रदेश नं २, यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्साको आव २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्रदेशस्तर दूध उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि २०७६"मा उल्लेख भए अनुसार लागत साझेदारीमा सञ्चालन गर्न इच्छुक दुग्ध उत्पादक सहकारी संस्था, दूध उत्पादन, प्रशोधन तथा वितरण गर्ने कृषि सहकारी संस्था तथा दूधको कारोबार गर्ने अन्य सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५औं दिन (मिति २०७७/११/२३)सम्म कार्यालय समयभित्र प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश हुन नसक्ने बेहोरासमेत जानकारी गराइन्छ। तपसिल अनुसारका कागजातहरू संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आह्वान गरिन्छ। यस सम्बन्धमा थप जानकारीका लागि सूचना प्रकाशन गर्ने कार्यालयमा सम्पर्क गर्न सकिनेछ। सम्पर्क फोन/मोबाइल नं. ९८६५४१६८३८

तपसिलः

१. रु १० को हुलाक टिकट टाँसेको फा.नं. २ अनुसारको प्रस्ताव आवेदन,
२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. दूध उत्पादन सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
४. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि,
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६. संस्थासँग आबद्ध सदस्यहरूले प्राप्त गरेका अन्य प्रमाणपत्रहरू तालीम, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू,
७. दूध उत्पादक सहकारी संस्थाको बैंकसँग गरेको वित्तीय कारोबारको विवरण,
८. फा.नं. ३ अनुसारको कार्ययोजना,
९. दूध उत्पादक सहकारीसँग आबद्ध सदस्यहरू सम्मिलित बैठक निर्णयको प्रतिलिपि,
१०. कार्यक्रम सञ्चालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनीको प्रमाणपुर्जासमेत करारपत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा ५ वर्ष अवधिको)समेत।
११. अन्य आवश्यक कागजातहरू :
गत आवको दूधको वार्षिक कारोबार (कृषकबाट खरीद गरेको परिमाणसहितको नामावली र खरीद गरेको दूध र अन्य दूध सङ्कलन, प्रशोधन बिक्री वितरण गर्ने उद्योग/सहकारी आदिलाई बिक्री वितरण गरेको प्राप्त बिल)को प्रतिलिपि पेश गर्नुपर्नेछ।
पुनश्च : निवेदन/प्रस्तावको ढाँचा यस कार्यालयबाट वा कार्यालयको वेबसाइट vhlsecparsa.p2.gov.np बाट प्राप्त गर्न सकिनेछ।



**खेलप्रति मोह** : बडनिहारमा आयोजित तेस्रो पर्सागढी गोल्डकप फूटबल प्रतियोगिताको फाइनल खेल हेर्न जोखिम मोलेर रूख तथा मोटरसाइकल र साइकलमा उभिएर खेलको आनन्द लिँदै दर्शक । तस्वीरः धर्मेन्द्र चौरसिया

# सुखी नेपाली समृद्ध नेपाल बनाउन निर्वाचन आवश्यक –मन्त्री साह

रौतहट, ८ फागुन/रासस

शहरी विकासमन्त्री प्रभु साहले निर्धारित समयमैं निर्वाचन हुने बताएका छन् । रौतहटको संसदीय निर्वाचन क्षेत्र नं २ अन्तर्गत तेजापाकडमा आयोजित नेकपाको क्षेत्रीय भेलामा उनले सरकारले घोषणा गरेको पहिलो चरणको आगामी वैशाख १७ र दोस्रो चरणको वैशाख २७ गते नै चुनाव हुने दाबी गरे ।

मन्त्री साहले प्रधानमन्त्री केपीशर्मा ओलीलाई काम गर्न नदिने तर पूर्वराजा ज्ञानेन्द्रको खुट्टामा दाम चढाउने पूर्वप्रधानमन्त्री माधव नेपाल कसरी अग्रगमनकारी भए भन्ने प्रश्न गरे । उनले नेता नेपाल चुनाव हारेर प्रधानमन्त्री र अधिवेशनमा हारेर पार्टी अध्यक्ष कुन नैतिकताले बने भनी प्रश्न गरे ।

मन्त्री साहले आफ्नै पार्टीको सरकार ढाल्न अविश्वासको प्रस्ताव दर्ता गर्ने प्रवृत्तिले गर्दा निर्वाचनमा जानुपर्ने बाध्यता आइपुगेको बताउँदै निर्वाचनपछि नेकपा थप बलियो भएर जाने विश्वास व्यक्त गरे । उनले मधेस र देशकै विकासलाई सरकारले विशेष प्राथमिकतामा राखेको बताए । सेमिफाइनल खेलमा मधेसवादी दलप्रति अत्यन्तै आक्रोश व्यक्त गर्दै उनीहरूले समग्र मधेसीको बदनाम गराएको टिप्पणी गरे । प्रदेश २ मा वार्षिक रु ४० अरबको बजेटको हिसाबले एउटा जिल्लाको हकमा वर्षको रु पाँच अरब पर्छ, उनले भने, प्रदेशले रौतहटमा एक इन्च पनि कतै कालोपत्रे अथवा ठोस पूर्वाधार निर्माण गरेको छैन ।

## अदालतले संविधान....

जान्छ । न्यायालयले संविधानको व्याख्या मात्रै गर्ने हो, नयाँ संविधान लेख्ने होइन, उनले जोड दिए ।

अब पनि जनता, पार्टी कार्यकर्ताहरू अल्मलिरहनुपर्ने कुनै कारण छैन । संविधानभन्दा माथि कोही पनि हुन नसक्ने बताउँदै आफूहरूलाई ठूला शक्ति भन्नेहरूलाई पनि ढालेर मुलुकमा आमूल परिवर्तनसँगै प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र स्थापना भएको इतिहास साक्षी रहेको नेता पाण्डेले बताए । जब–जब सत्ता र शक्तिमा रहेकाहरू कमजोर हुन्छन्, तब–तब तिनका आवाजहरू मधूरो मात्रै हैन, शक्ति प्रदर्शन गर्न थाल्छन् । प्रहरीलाई जनतामाथि दमन गर्न निर्देशन दिन्छन्, नेता पाण्डेले भने । उनले ओलीको दिन धेरै नभएको दाबीसमेत गरे । नेता पाण्डेले अदालतले संसद् पुनर्बहाली गर्नेमा आफूहरू विश्वस्त रहेको बताउँदै यदि नभए मुलुकलाई दुर्घटनातर्फ अघि बढ्न कसैले रोक्न नसक्ने बताए । उनले न्यायालयले यसअघि पनि सरकारले गरेका अनेकौं निर्णय उल्टाएको भन्दै यो मुद्दामा पनि अदालतले निर्णय उल्टाउने विश्वास व्यक्त गरे ।

भेलामा नेता पुरुषोत्तम पौडेल, युवराज चौलागाईं, सुन्दर विक, सीता गुरुङ, अनिल श्रेष्ठ, एकबहादुर श्रेष्ठ, लीलादेवी लामिछानेलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन थानेश्वर सापकोटाले गरेका थिए ।

## घण्टाघरमा नवनिर्मित.....

परिवर्तन आएको र शहीदहरूको परिवार व्यवस्थापनको लागि महानगरले चारजनालाई रोजगार दिनुका साथै शहीद परिवारलाई अन्य सहयोग गर्दै आएको बताए ।

शहीदहरूको सम्मानस्वरूप नै शहीद स्मारक बनेको र चाँडै विपी उद्यानको जग्गामा मधेसका सबै शहीद अट्ने गरी ठूलो शहीद पार्कको योजना अनुसार महानगर अगाडि बढेको बताए ।

घण्टाघरमा नवनिर्मित शहीद स्मारकमा शहीद सोहनसाह कलवार, दिलीप चौरसिया, धर्मराजसिंह राजपुत, देवप्रकाश साह, आशीष राम, दिनानाथ साह, सतेन्द्र पटेलको शालिक राखिएको छ ।

जसपाका जिल्ला अध्यक्ष रामनरेश यादवको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश सांसद प्रह्लाद गिरी, जन्नत अन्सारी, सिंहासनसाह कलवार, करिमा बेगम, जिल्ला समन्वय समितिका सभापति नेकमहम्मद अन्सारीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण जिल्ला सचिव तबरेज अहमदले गरेका थिए ।






# खेलकुदको संसार

## पर्सागढी गोल्डकपको उपाधि वीरगंजलाई

प्रस, बिरुवागुठी, ८ फागुन/

आमोदेवी युवा स्पोर्ट्स क्लब बडनिहारद्वारा आयोजित तेस्रो पर्सागढी गोल्डकप फूटबल प्रतियोगिताको उपाधि युनाइटेड क्लब वीरगंजले हात पारेको छ ।



फ्युजन फूटबल क्लब गाईघाट उदयपुरलाई टाइब्रेकरमा हराउँदै वीरगंज युनाइटेड क्लबले उपाधि हात पारेको हो ।

निर्धारित ४०/४० मिनेटको खेलमा दुवै टीमबाट गोल नभएपछि खेलको निर्णय टाइब्रेकरबाट गरिएको हो । टाइब्रेकरमा वीरगंजले ५ र गाईघाटले ३ गोल गरेका थिए ।

आजको खेलमा वीरगंजका गोलकीपर दिलमणि चौधरी बेस्ट गोलकीपर घोषित भए । वीरगंजकै राकेश चौधरी म्यान अफ दि म्याच घोषित भए । त्यसैगरी फ्युजन क्लबका टिपसन राई बेस्ट डिफेन्डर घोषित भए भने गाईघाटका दीपक मगर बेस्ट मिडफिल्डर घोषित भए ।

प्रतियागिता समापन समारोहका प्रमुख अतिथि नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री अजयकुमार चौरसिया विजेता वीरगंजलाई एक लाख पाँच हजार र उपविजेता गाईघाटलाई पचपन्न हजार रुपैयाँ पुरस्कारसहित शिल्ड, प्रमाणपत्र प्रदान गरेका थिए । सो अवसरमा उनले खेलले विदेशमा देशलाई चिनाउने बताए । उनले फूटबलको लोकप्रियता नघटेको र पर्सागढी नगरपालिकामा भएको यस प्रतियोगिताले इतिहास रचेको बताए ।

कार्यक्रममा प्रदेससभा सदस्य राजेश्वरप्रसाद साह, नगरप्रमुख लोकनारायण यादव, उपप्रमुख अर्चना चौधरी, वडाध्यक्ष रामनारायण गौरो, समसुद्दीन साह देवान, नेकपा जिल्ला सदस्य गोकर्ण पाठकलगायतले मन्तव्य व्यक्त गरेका थिए । स्वागत मन्तव्य क्लबका सदस्य अरुण प्रकाश रेग्मीले र कार्यक्रमको सहजीकरण बलिराम शुक्लाले गरेका थिए ।

## नगरस्तरीय क्रिकेट प्रतियोगिताको उपाधि पिपराको पोल्टामा

प्रस, वीरगंज, ८ फागुन/

समग्र नेपाल सामाजिक संस्थाको आयोजना तथा बहुदरमाई नगरपालिकाको सहयोगमा पिपरामा जारी नगरस्तरीय क्रिकेट प्रतियोगिताको शनिवार फाइनल खेल सम्पन्न भयो ।



तस्वीर : प्रतीक

पिपरा क्रिकेट टीमले ५ विकेटअन्तरले बैरिया टीमलाई पराजित गरेको थियो ।

विजेता टीमलाई प्रदेश नं २ का भौतिक पूर्वाधार राज्यमन्त्री डा डिम्पल झाले शिल्ड तथा पुरस्कार वितरण गरेकी थिइन् ।

खेलमा म्यान अफ दि म्याच निरञ्जन पटेललाई राज्यमन्त्री डा झा र म्यान अफ द सिरिज असरफ आलमलाई जसपाका केन्द्रीय सदस्य शिव पटेलले पुरस्कार वितरण गरेका थिए ।

संस्थाका अध्यक्ष शोभरावती देवानको अध्यक्षतामा भएको प्रतियोगिता समापन समारोहमा जसपाकी केन्द्रिय सदस्य रम्भा मिश्र, वरिष्ठ नेता कृष्ण पटेल, बहुदरमाई नगरपालिका वडा नं ८ का अध्यक्ष पुनीलाल साह, नगरसदस्य सोनालाल साह, रामाधार साह, श्रवणराउत कुर्मी, पन्नालाल साहलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## योङ्गस्टार युवा क्लब सेमिफाइनलमा

प्रस, निजगढ, ८ फागुन/

निजगढमा जारी तेस्रो निजगढ मेयर कप फूटबल प्रतियोगिताको शनिवार सम्पन्न क्वाटरफाइनल खेलमा विजयी बन्दै योङ्गस्टार युवा क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । तेस्रो क्वाटरफाइनलमा एफसी कोलगाउँलाई २–१ गोलअन्तरले पराजित गर्दै योङ्गस्टार सेमिफाइनलमा प्रवेश गरेको हो ।

योङ्गस्टारको जीतमा खेल शुरू भएको २०औं मिनेटमा अरुण लामाले गोल गर्दै टीमलाई अग्रता दिलाएका थिए ।

तस्वीरः प्रतीक



प्रतिस्पर्धात्मक खेलको ७३औं मिनेटमा कोलगाउँका विराज लामाले गोल गर्दै खेल बराबरीमा ल्याएका थिए । कोलगाउँले खेल बराबरी गरेको एक मिनेटपश्चात् नै योङ्गस्टारले प्राप्त गरेको कर्नरमा अनिल लामाले हेडमार्फत गोल गर्दै टीमलाई अग्रता दिलाएका थिए ।

कोलगाउँले खेलमा फर्कने निरन्तर प्रयास गरे पनि गोल हुन नसकेपछि योङ्गस्टारले नतीजा आफ्नो पक्षमा पार्‍यो । खेलको म्यान अफ दि म्याच योङ्गस्टारका कप्तान रोशन लामा भए । सेमिफाइनल प्रवेशका लागि अन्तिम क्वाटरफाइनलको खेलमा आइतवार बाघभैरव युवा क्लब र निजगढ युवा क्लब 'ए'बीच प्रतिस्पर्धा हुनेछ । बाघभैरवले निजगढ युनाइटेडलाई पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो भने निजगढ युवा क्लब 'ए'ले निजगढ–१३ युवा क्लबलाई पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको हो । उक्त खेलहरू शहीद हीरालाल रङ्गशालामा भइरहेको छ ।

त्यस्तै, शुक्रवार सम्पन्न क्वाटरफाइनल खेलमा हिमाल युवा क्लब विजयी भएको थियो । रतनपुर युनाइटेड युथ क्लबलाई टाइब्रेकरमा ३ का विरुद्ध ४ गोल गरी हिमाल सेमिफाइनलमा प्रवेश गरेको हो ।

निकै कडा प्रतिस्पर्धात्मक खेलमा निर्धारित समयमा दुवै टीमका खेलाडीले कुनै गोल गर्न नसकेपछि टाइब्रेकरमार्फत खेल छिनोफानो भएको थियो । निर्धारित खेल अवधिभर रतनपुर युनाइटेडका खेलाडीहरूले प्रहार गरेका बल हिमालका गोलरक्षक प्रमिश गुरुङले पटक–पटक विफल पारेका थिए ।

रतनपुर युनाइटेडका आशालाल कुमर, सूर्य गुरो, बादल गुरोलगायतले गोल गर्न निकै प्रयास गरे ।

टाइब्रेकर प्रहारको समयमा हिमालका वर्षात लामाले खेल मैदानभित्रै जर्सी खोलेपछि रेफ्रीले रातो कार्ड देखाउँदै मैदानबाहिर पठाए । हिमालका चारजनालाई पहेंलो कार्ड देखाउँदै अनुशासनभित्र रहन रेफ्रीले सचेत गराएका थिए ।

हिमालका म्यान अफ दि म्याच अमित सञ्जेललाई पत्रकार गोकुल घोरसाइने र निजगढ नपाकी कार्यपालिका सदस्य मनमाया तामाङले संयुक्तरूपमा ट्रफी प्रदान गरेका थिए ।




**स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी**

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

